मिति २०७७/०१/०९ वैठक संख्याः ४८

आज मिति २०७७/०१/०९ गतेका दिन ११:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थिती:**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थिती:**

श्री उमानाथ ढकाल

श्री गोविन्द प्रसाद पौडेल

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ४८

मिति: २०७७।०१।०९

प्रस्तावहरु

१) समीक्षा,................

२) राहत सामाग्री वितरण सम्बन्धमा

३) कोरोना रोकथाम तथा नियन्त्रण कोषमा रकमान्तरण र रकम वृद्धि सम्बन्धमा

४) समुदायमा स्वयंसेवक परिचालन सम्बन्धमा

५) हावा हुरी, असीना पानीवाट भएको विपदमा सहयोग सम्बन्धमा

६) स्वास्थ्य सामाग्री खरिद सम्बन्धमा

७) विकास निर्माणको कार्य सुचारु सम्बन्धमा

८) कोरोना रोकथाम तथा नियन्त्रण कोषवाट रकम खर्च सम्बन्धमा

९) गाउँपालिका संरक्षण विषयगत क्षेत्र समन्वय समिति गठन सम्बन्धमा

१०) देउतीखोला खानेपानी समस्या समाधान सम्बन्धमा

११) कोरोना राहत कोषमा रकम वा राहत सामाग्री सहयोग गर्न आह्वान गर्ने सम्बन्धमा

१२) लकडाउनको आचरण पालना गर्ने सम्बन्धमा

निर्णयहरु

१) कोरोना भाईरस रोकथाम तथा नियन्त्रण सम्बन्धमा हाल सम्मको प्रगति समीक्षा गरियो ।

२) राहत सामाग्री वितरणको लागी पहिलो चरणमा तुरुन्त वितरण गर्नु पर्ने भएकोले मुल्य सूची लिई २००००( बीस हजार) के.जी.जिरा मसिनो चामल, १३०० (एक हजार तिन सय) के.जी. रातो दाल १३०० लि. तेल, १३०० के.जी.नुन, १०२० पिस सावुन गाउँपालिकावाट खरिद खरिद गरी ५ वटै वडाहरुमा पठाईएकोमा वडा अध्यक्षवाट प्राप्त विवरण अनुसार ९५१ जनालाई राहत सामाग्री वितरण गरिएको जानकारी भयो र त्यसलाई अनुमोदन गरियो । साथै लक डाउनको अवधि लम्विएकोले दैनिक ज्यालादारीमा काम गर्ने कामदार तथा खाद्यान्नको समस्या भएका विपन्न वर्गलाई दोस्रो चरणमा तुरुन्त राहत सामाग्री वितरण गर्नु पर्ने आवश्यकता भएकोले ४ दिनको सूचना प्रकाशन गरी राहत सामाग्रीको मुल्य सूची लिने र वडावाट राहत वितरण गर्नु पर्ने संख्या र परिमाण प्राप्त भए पछि राहत व्यवस्थापन तथा वितरण गाउँ समन्वय समितिको सिफारिसमा आवश्यकता अनुसारको सामान आवश्यकता अनुसारको परिमाणमा राहत सामाग्री खरिद गरि वडा कार्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

... बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

३) कोरोना रोकथाम तथा नियन्त्रण कोषमा रकम बृद्धि गरी २९०००००। (उनन्तिस लाख ) वनाउने तथा उक्त कोषमा तपसिल अनुसारको शिर्षकवाट रकम रकमान्तरण गर्ने र अन्य निकायवाट यसका लागी आउने रकम पनि सोही कोषमा जम्मा गरी खर्च गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १) विपद कोष | ५०००००। |
| २) फर्निचर | १२०००००। |
| ३) कार्यलय सामान | ८०००००। |
| ४) अनुगमन | ४०००००। |
| जम्मा | २९०००००। (उनन्तिस लाख ) |

साथै विपद व्यवस्थापन कोषवाट यस अघि भएको ८०००००। खर्च मेशिनरी साईन्स ल्याव शिर्षकको रु.६०००००। (छ लाख) र सवारी साधन शिर्षक मध्येवाट रु. २०००००। (दुई लाख) गरी ८००००००। (आठ लाख) वाट सोध भर्ना गर्ने निर्णय गरियो ।

४) कोरोना रोकथाम तथा नियन्त्रणको लागी समुदायमा स्वयंसेवक परिचालन सम्बन्धि मार्गदर्शन २०७६ अनुसार ५ वटै वडामा वडा अध्यक्षको नेतृत्वमा २०७७।०१।०३ गते देखि स्वयंसेवक परिचालन गरिएको अनुमोदन गरियो साथै २०७७।०१।१० गते देखि लकडाउन अवधिभर ५ वटै वडामा वडा अध्यक्षको नेतृत्वमा आवश्यकता अनुसार अन्य २ देखि ४ जना सम्म स्वयंसेवकको समुह वनाई नदी घाटमा तथा सिमानामा परिचालन गर्ने निर्णय गरियो ।

५) यस अघि हावा हुरी, असीना पानीवाट भएको क्षतिको विवरण वडावाट आए पछि अधिकतम रु. १००००।(दश हजार) सम्म गाउँपालिका अध्यक्ष स्तरको निर्णयवाट विपद व्यवस्थापन कोषवाट सहयोग गर्ने निर्णय गरियो ।

६) हाल बजारमा प्रतिस्पर्धामा स्वास्थ्य सामाग्री उपलब्ध हुन नसकेकोले नर्भिक फार्मेशी, काडमाडैंले प्रति गोटा थर्मल गन रु. १००००।(दश हजार) , K.N. 95 मास्क रु. ४३२। (चार सय वत्तिस) र PPE सेट रु.३६००।(तिन हजार छ सय) म उपलब्ध गराउने भएकोले सोही सामान खरिद गर्ने निर्णय गरियो ।

७) वर्षातको समय नजिकिंदै गरेकोले गाउँपालिका भवन निर्माणको प्रक्रिया अगाडी बढाउने र गाउँपालिकाका निर्माणाधिन भौतिक पुर्वाधार विकास योजना, कृषिकार्य र व्यक्तिगत निर्माणधिन घर लगायतका कार्य र नदी घाटवाट नदीजन्य पदार्थ झिक्ने काम लकडाउन (वन्दावन्दी) अवस्थामा पनि सामाजिक दुरी कायम गरी तथा सरसफाईका उपाय अवलम्वन गरी सुचारु गर्ने निर्णय गरियो ।

८) कोरोना रोकथाम तथा नियन्त्रण कोषवाट तपसिल अनुसार भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

१) कार्यपालिकाको यस अघि ४७ औं वैठकवाट निर्णय भए अनुसारको खर्च ।

२) कोरोना रोकथाम तथा नियन्त्रणको लागी समुदायमा स्वयंसेवक परिचालन सम्बन्धि मार्गदर्शन २०७६ अनुसार भएको खर्च ।

३) सहयोग रकम दिने दाताले राहत, सहयोगको शर्त तोकेमा शर्त वमोजिम भएको खर्च ।

४) कृषि तथा पशुपंक्षीमा पुगेको क्षति अनुसार दिईने विउ, विजन, औषधीमा भएको खर्च ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

९) महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयको पत्र अनुसार विपदको अवस्थामा पिडित तथा प्रभावित महिला, वालवालिका,अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा अल्पसङ्ख्यकहरुको संरक्षणका लागि गाउँपालिका संरक्षण विषयगत क्षेत्र समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

१०) देवघाट ५, माझटोल खानेपानी उपभोक्ता समितिका उपभोक्ताहरुलाई खानेपानीको चरम समस्या परेकोले देउतीखोला वाट पानी तानेर उपभोक्ताहरुकहाँ पुर्‍याउनको लागि त्यहाँ सम्म लाईन विस्तार गर्न लाग्ने लागत रु. ४८९३०४।५१ मध्ये नेपाल विद्युत प्राधिकरणको पत्र अनुसार समपुरक स्वरुप देवघाट गाउँपालिकाले रु. १९५५७४।९० ( एक लाख पन्चानव्वे हजार पाँच सय चौहत्तर) ज्यलाको रकम व्यहोर्ने निर्णय गरियो ।

११) कोराना नियन्त्रण तथा रोकथाम राहत कोषमा गाउँपालिका अन्तर्गतका विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई खाईपाई आएको २ दिन वरावरको तलव रकम सहयोगको लागि आह्वान गर्ने साथै अन्य व्यक्ति वा संघ संस्था र राजनैतिक दलहरुलाई राहत रकम तथा सामाग्री सहयोगको लागि आह्वान गर्ने निर्णय गरियो ।

१२) लकडाउनको आचरण पालना गर्न लकडाउनको अवधिभर कुनै पनि धर्म सम्प्रदायले धर्मको नाममा एकै ठाउँमा जमघट भई गरिने कार्य नगरिदिनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत